

गोरेटो, बोट-बिरुवा और ढुंगा द्वारा निर्मित बैठक चित्रित दृश्यात्मक चित्रण

BTV
BURLINGTON
INTERNATIONAL AIRPORT

# मनोरञ्जन मार्ग र ल्यान्डस्केपिंग परियोजना

सामुदायिक भावनालाई बढावा दिने प्रयासमा, प्याट्रिक लेही बर्लिङ्टन अन्तर्राष्ट्रिय विमानस्थल (BTV) ले च्याम्बरलिन छिमेकीका विभिन्न ल्यान्डस्केपका तत्वहरू समावेश गर्ने नयाँ मनोरञ्जन मार्ग प्रस्तावित गर्दैछ। मार्ग एउटा "हरित-क्षेत्र" हुनेछ जुन रैथाने (नेटिभ) बोट-बिरुवाका प्रजातिहरू र भरमोन्टको प्रतिष्ठित ल्यान्डस्केपको अनुकरण गर्ने विशेषताहरूद्वारा परिपूर्ण हुने छ। यस संकल्पित मार्गको लक्ष्य भनेको छर-छिमेक भित्र थप आदान-प्रदान (कनेक्टिभिटी), स्वास्थ्य र तन्दुरुस्ती प्रवर्धनमा मद्दत गर्नु हो।



रैथाने बोटबिरुवा र रूखका प्रजातिहरूलाई प्रस्तावित समग्र ल्यान्डस्केप परियोजनामा समावेश गरिनेछ।

**"सबैभन्दा पर्यावरण-मैत्री विमानस्थल बन्ने प्रयासका साथ (BTV) हर सम्भव भावी पुस्ताहरूका लागि जिम्मेवारीपूर्वक अगाडी बढ्न प्रतिबद्ध छ।"**

***- निक लङ्गो, उड्डयन निर्देशक***

SCAN ME

**थप जानकारीको लागि QR कोड स्क्यान गर्नुहोस् वा हामीलाई निम्नमा अनलाइन भिजिट गर्नुहोस्**

**www.btv.aero/about-btv/community**





प्रस्तावित करिडोरका प्रमुख ठाउँहरूलाई सुध्रिढ़ गर्नको लागि, मार्गको वरिपरि ल्यान्डस्केप तत्वहरूमा सडक रूखहरू, सजावटी पर्खालहरु (फेंसिंग) र अन्य विभिन्न रैथाने बोट-बिरुवाहरू समावेश गरिने छन्।



एउटा प्रयास अन्तर्गत संकल्पित मनोरंजन मार्गको एयरपोर्ट ड्राइवको पश्चिम तर्फ दक्षिण बर्लिङ्गटनमा विद्यमान रहेका पैदलमार्गहरु, मार्गहरु र गोरेटोहरुलाई जोड्दै समुदायका सदस्यहरुका लागि सुधृढ हिंड्ने, दौडिने र साइकल चलाउने सुगम बाटो प्रस्तावित गरिंदै छ। यस गतिविधिले पार्क-जस्तो वातावरणको माध्यमले एउटा आनन्दमय अनुभव दिन विमानस्थलको सम्पत्तिको केहि भागहरुलाई छर-छिमेक र समुदायको लागि सुलभ बनाउने छ। यो मार्ग विद्यमान रुखहरु भएको खुला क्षेत्र भएर अगाडी बढ्ने छ, र अनियमित स्थानीय ढुंगाहरु द्वारा बनेका बैठकहरु ठाउँ-ठाउँमा स्थापित गरिने छ।

नया ल्यान्डस्केपिंग तत्वहरुका समग्र संकल्पित परियोजनामा प्रारम्भिक सामुदायिक प्रतिक्रियाहरुका साथ-साथ FAA र/अथवा अनुदानका आवश्यकताहरुका आधारमा सावधानीपूर्वक विचार गरिएको छ र यस परियोजनामा समग्र सामन्जस्य प्राप्त गर्नका लागि यसमा विभिन्न तत्वहरुलाई इमान्दारीपूर्वक र कलात्मक तवरले सम्मिलित गरिएको छ। यस करिडोरका प्रमुख ठाउँहरुलाई सुधृढ गर्नका लागि सडकका रुखहरु, सजावती पर्खालहरु (फेंसिंग) र अन्य रैथाने बोट-बिरुवाहरु राख्ने अवधारणा यसमा सम्मिलित छ। प्रस्तावित रैथाने बोट-बिरुवाहरु, झाडीहरु र सजावटी घाँसहरु रोपणको अतिरिक्त, अन्य प्रस्तावित तत्वहरुमा स्थानीय ढुंगाका पर्खालहरु, साइनबोर्डहरु, र स्थानीय कलाकारहरुद्वारा बनाइएका कलाकृतिहरु राखिने छ।

# सामुदायिक लाभहरू

**स्थायित्व:** निर्धारित "हरित क्षेत्र" ले रैथाने प्रजातिहरूको व्यावहारिकता सुनिश्चित गर्ने र साथ-साथै वरपरका छिमेकीहरूप्रति सद्भावनाको स्पष्ट अभिव्यक्ति सुनिश्चित गर्ने समर्पणलाई दर्शाउँछ।

**हरित क्षेत्र:** प्रस्तावित मार्ग र ल्यान्डस्केपिंगका तत्वहरुले सुन्दर आकर्षक करिडोरको निर्माण गर्नेछ जस मार्फत यस क्षेत्रको वन्यजन्तु बास-स्थान सुरक्षित हुने अनि नया श्रृजना हुनका साथ-साथै जैव-विविधता संरक्षणमा पनि टेवा पुर्याउने छ।

**पर्यावरण:** मनोरंजन मार्ग, पार्क र हरियो क्षेत्रका रुखहरुले शीतलता दिनेछ जसका कारण जमीनको तापक्रम घट्नमा, स्वच्छ पानी, र ताजा हावामा योगदान मिल्नेछ।

**स्वास्थ्य र तन्दुरुस्ती:** मनोरंजक हरित ठाउँले सकारात्मक शारीरिक, मानसिक, भावनात्मक र सामाजिक तन्दुरुस्तीको प्रवर्धन गर्नेछ, शारीरिक गतिविधिमा वृद्धि गर्नेछ, जसको फलस्वरूप स्वास्थ्य राम्रो रहनेछ।

